माई नगरपालिका

# स्थानीय राजपत्र

खण्डः २ | संख्याः १ | मितिः २०७६/०१/०२

भाग- १

माई नगरपालिका

## माई नगरपालिकाको जलश्रोत ऐन, २०७५

माई नगरपालिका नगर सभाबाट स्वीकृत मितिः२०७५/१२/२९

प्रमाणीकरण मितिः २०७६/०१/०२

जलश्रोतको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : माई नगरपालिकाभित्रको भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलश्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलश्रोतको लाभदायक उपयोगहरुको निर्धारण गर्ने, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानिकारक प्रभावको रोकथाम गर्ने एवं जलश्रोतलाई प्रदूषणमूक्त राख्ने सम्बन्धभा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

माई नगरपालिकाको चौथो नगरसभा, २०७५ ले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम 'माई नगरपालिकाको जलश्रोत ऐन, २०७५' रहेको छ ।

(२) यो ऐन माई नगरपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) 'जलश्रोत' भन्नाले माई नगरपालिका भित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनुपर्छ,

(ख) 'लाभदायक उपयोग' भन्नाले उपलब्ध साधन र श्रोतले भ्याएसम्म उचित रुपले गरिएको जलश्रोतको उपयोग सम्झनुपर्छ ।

(ग) 'अनुमतिपत्र प्राप्त व्यक्ति' भन्नाले जलश्रोतको उपयोग गर्ने दफा ८ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्था सम्झनुपर्छ ।

(घ) 'उपभोक्ता संस्था' भन्नाले दफा ५ बमोजिम गठित जल उपभोक्ता संस्था सम्झनुपर्छ ।

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

(ङ) 'तोकिएको' वा 'तोकिए बमोजिम' भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

३. जलश्रोत स्वमित्व : माई नगरपालिकाभित्र रहेको जलश्रोतको स्वमित्व माई नगरपालिकामा निहित रहनेछ ।

४. जलश्रोतको उपयोग : (१) यस ऐन बमोजिम अनुमति प्राप्त नगरी कसैले पनि जलश्रोतको उपयोग गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाय बमोजिम जलश्रोतको उपयोग गर्न अनुमतिपत्र लिनु पर्ने छैन :-

(क) व्यक्तिगत वा सामूहिक रुपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न,

(ख) व्यक्तिगत वा सामूहिक रुपमा आफ्नो जग्गाको सिंचाई गर्न ,

(ग) घरेलु उपयोगको रुपमा पानीघट्ट चलाउन,

(घ) व्यक्तिगत रुपमा स्थानीय आवागमनको लागि डुंगाको प्रयोग गर्न,

(ङ) जग्गाधनीले आफ्नो जग्गाभित्र मात्र सीमित रहेको जलश्रोत तोकिए बमोजिम उपयोग गर्न ।

(३) जलश्रोतको उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाले अरुलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्नेछ ।

५. जल उपभोक्ता संस्थाको गठन : (१) सामूहिक लाभका लागि संस्थागत रुपमा जलश्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले तोकिए बमोजिम जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई तोकिएको अधिकारी वा निकाय समक्ष तोकिए बमोजिम दर्ता गराउनु पर्नेछ ।

६. उपभोक्ता संस्था संगठित संस्था हुने : (१) उपभोक्ता संस्था अविच्छिन्न, उत्तराधिकारवाला, स्वशासित र संगठित संस्था हुनेछ ।

(२) उपभोक्ता संस्थाको सबै काम कारबाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न र नगरपालिकाको अनुमति लिएर मात्र बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजुर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

७. जलश्रोत उपयोगको प्राथमिकता क्रम : (१) जलश्रोतको उपयोग गर्दा साधारणतया देहायको प्राथमिकता क्रम अनुसार गर्नु पर्नेछ : -

(क) खानेपानी तथा घरेलु उपयोग,

(ख) सिंचाई

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(घ) जलविद्युत,

(ङ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग,

(च) जलयातायात,

(छ) आमोद प्रमोदजन्य उपयोग,

(ज) अन्य उपयोग

(२) जलश्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा तोकिएको समितिले उपदफा (१) को प्राथमिकता क्रम, दफा (४) को उपदफा ३ बमोजिम जलश्रोतको लाभदायक उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सो को आधारमा सम्बन्धित जलश्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको समितिले निर्धारण गरेको कुरा सम्बन्धित सबैलाई मान्य हुनेछ ।

(४) उपदफा (२) बमोजिम तोकिएको समितिले सोही उपदफामा उल्लेखित कुराको निर्धारण गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

८. अनुमतिपत्रको व्यवस्था : (१) जलश्रोतको सर्भेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमका विवरणहरु खुलाई तोकिएको अधिकारी वा निकायसमक्ष अनुमतिपत्रको लागि दरखास्त दिनु पर्नेछ ।

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

तर जलश्रोतको सर्भेक्षणको अनुमति पत्रको लागि दरखास्त दिंदा त्यस्तो अध्ययन प्रतिवेदन संलग्न गर्न आवश्यक पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्तमा तोकिएको अधिकारी वा निकायले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले जलश्रोत सर्भेक्षणको अनुमति पत्रको हकमा तीस दिनभित्र जलश्रोत उपयोगको अनुमतिपत्रको हकमा एक सय बीस दिनभित्र तोकिए बमोजिमको ढाँचामा आवश्यक शर्तहरु तोकी दफा ७ को उपदफा (१) मा उल्लिखित प्राथमिकता क्रम अनुसार दरखास्तवालालाई अनुमति पत्र दिनु पर्नेछ ।

(३) दफा ४ को उपदफा (२) बमोजिम हुनेमा बाहेक यो ऐन प्रारम्भ हुनुभन्दा अगावैदेखि जलश्रोतको उपयोग गरिरहेको व्यक्ति वा संगठित संस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र तोकिएको अधिकारी वा निकाय समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको दरखास्तमा तोकिएको अधिकारी वा निकायले आवश्यक जाँचबुझ गरी दरखास्त परेको मितिले साठी दिनभित्र तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

(५) अनुमतिपत्र प्राप्त व्यक्तिले जलश्रोतको उपयोग बापत स्थानीय सरकारलाई तोके बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

(६) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र बिक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा तोकिएको अधिकारी वा निकायबाट तोकिए बमोजिम स्वीकृत लिनु पर्नेछ ।

९. जलविद्युतको लागि जलश्रोतको उपयोग : (१) दफा ८ मा जुनसुकै कुरा लेखिएको भएता पनि जलविद्युत उत्पादन गर्नका लागि जलश्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमति पत्रको सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) जलविद्युतको उत्पादन गर्ने सिलसिलामा जलश्रोतको उपयोग सम्बन्धी अन्य कुराहरु यसै ऐन बमोजिम हुनेछन् ।

१०. संघ, प्रदेश र माई नगरपालिकाले जलश्रोतको उपयोग वा विकास गर्न सक्ने : (१) नेपाल सरकार वा प्रदेश सरकार वा माई नगरपालिका आफैंले कुनै जलश्रोतको उपयोग वा विकास गर्नमा यस ऐनको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन ।

(२) कसैले यस ऐन बमोजिम उपयोग गरेको जलश्रोत र सो सँग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना व्यापक सार्वजनिक उपयोगका लागि संघ, प्रदेश वा माई नगरपालिका आफूले लिई विकास गर्न सक्नेछ ।

स्पष्टीकरण : यस ऐनको प्रयोजनको लागि 'व्यापक सार्वजनिक उपयोग' भन्नाले भइरहेको उपयोगबाट लाभान्वित भएका जनसंख्यालाई उल्लेखनीय प्रतिकुल असर नपारी सोभन्दा बढी जनसंख्यालाई लाभ हुने उपयोगलाई जनाउनेछ । (३) उपदफा (२) बमोजिम आफूले लिएको जलश्रोतको उपयोगसित सम्बन्धित जग्गा, भवन, उपकरण वा संरचना बापत नेपाल सरकार वा प्रदेश सरकार वा माई नगरपालिकाले सम्बन्धित व्यक्तिलाई तोकिए बमोजिम क्षतिपूर्ति दिनेछ ।

(४) उपदफा (३) बमोजिम दिइने दिइने क्षतिपूर्तिको रकम उपदफा (२) बमोजिम नेपाल सरकार वा प्रदेश सरकार वा माई नगरपालिकाले लिएको जग्गा, भवन, उपकरण तथा संरचनाको वर्तमान मूल्य (त्यसमा भएको टुटफुट र साधारण प्रयोगबाट भएको ह्रास कटाई) को आधारमा निर्धारित गरिनेछ ।

११. जलश्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्ने : (१) नेपाल सरकार वा प्रदेश सरकार वा माई नगरपालिकाले दफा १० को उपदफा (१) वा (२) बमोजिम विकास गरेको कुनै जलश्रोत सम्बन्धी परियोजनाको निर्माण समाप्त भइ सकेपछि उपभोक्ता संस्थालाई आवश्यक शर्तहरु तोकी हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वमित्व सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यस ऐनको अधीनमा रही आफूले अनुमति प्राप्त गरे सरह सो परियोजनाको सञ्चालन सम्बन्धित उपभोक्ता संस्थाले गर्नेछ ।

१२. जलश्रोतको उपयोगको लागि करार गर्न सक्ने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार वा प्रदेश सरकार वा माई नगरपालिकाले कुनै स्वदेशी वा विदेशी कम्पनी, संगठित संस्था वा व्यक्तिसित

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

माई नगरपालिका
इलाम जिल्ला,प्रदेश नं. १, नेपाल
२०७३

प्रचलित कानूनको अधीनमा रही करार गरी सोही करारमा उल्लेखित शर्तहरु बमोजिम कुनै जलश्रोतको विकास, उपयोग र सेवा विस्तार गर्न, गराउन सक्नेछ ।

१३. सेवा उपभोगका शर्तहरु तोक्न र सेवाशुल्क असुल उपर गर्न पाउने : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले विकास गरेको जलश्रोतको उपयोगको सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन र त्यस्तो सेवा बापत शुल्क असुल उपर गर्न सक्नेछ ।

(२) नेपाल सरकार वा प्रदेश सरकार वा माई नगरपालिकाले विकास गरेको जलश्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलब्ध गराए बापतको सेवा शुल्क तोकिए बामोजिम निर्धारण गरी असुल उपर गर्न सक्नेछ ।

१४. सेवा रोक्न सकिने : सेवा उपभोग गरे बापत बुझाउनुपर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा बन्द गर्न सकिनेछ ।

१५. अरुको घरजग्गामा प्रवेश गर्न सक्ने : नेपाल सरकार वा प्रदेश सरकार वा माई नगरपालिका वा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले जलश्रोतको सर्भेक्षण वा उपयोगको सिलसिलामा कसैको घरजग्गामा प्रवेश गर्नु परेमा नेपाल सरकार वा प्रदेश सरकार वा माई नगरपालिका वा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले खटाएको कर्मचारीले सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर मात्र त्यस्तो घर जग्गाम प्रवेश गर्न सक्नेछ । त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा नेपाल सरकार वा प्रदेश सरकार वा माई नगरपालिका वा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले तोकिए बमोजिम क्षतिपूर्ति दिनेछ । तर कुनै घरजग्गामा जलश्रोतको अनाधिकृत उपयोग वा दुरुपयोग गरिरहेको शंका हुने मनासिब माफिकको कारण भएमा सो कुराको जाँचबुझ गर्न वा कुनै दुर्घटनाबाट बचाउन पूर्व सूचना विना पनि त्यस्तो कर्मचारीले सम्बन्धित घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

१६. अरुको घर जग्गाको उपयोग वा प्राप्ति : (१) जलश्रोतको उपयोगको लागि देहायको कुनै काम गर्न अरु कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिपत्र प्राप्त व्यक्तिले नेपाल सरकार वा प्रदेश सरकार वा माई नगरपालिकासमक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ : -

(क) बाँध वा तटबन्ध बाँध्न,
(ख) नहर, कुलो वा सुरुङ् खन्न,
(ग) जमिन माथि वा मुनि पानीको ट्याङ्की बनाउन वा पाइप लाइन बिछ्याउन,
(घ) पोखरी बनाउन वा जलवितरण केन्द्र स्थापना गर्न,
(ङ) जलश्रोतको विकाससित सम्बन्धित अरु आवश्यक निर्माण कार्य गर्न ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा नेपाल सरकार वा प्रदेश सरकार वा माई नगरपालिकाले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रचलित कानून बमोजिम संगठित संस्थालाई जग्गा प्राप्त गराईदिए सरह अनुमातिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो घरजग्गा प्राप्त गराइदिन सक्नेछ ।

(३) नेपाल सरकार वा प्रदेश सरकार वा माई नगरपालिका वा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले जलश्रोतको विकास वा उपयोग सम्बन्धी कुनै निर्माण कार्य गरेकोमा त्यस्तो निर्माणकार्य भएको ठाउँ वा सो ठाउँको वरिपरि तोकिएको दुरीमा पर्ने घरजग्गा अरु कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न नपाउने गरी नेपाल सरकार वा प्रदेश सरकार वा माई नगरपालिकाले निषेध गर्न सक्नेछ । त्यसरी निषेध गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्ने हानी नोक्सानी बापत नेपाल सरकार वा प्रदेश सरकार वा माई नगरपालिका वा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले तोकिए बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ ।

१७. जलश्रोतको उपयोगसित सम्बन्धित संरचनाको सुरक्षा : (१) जलश्रोतको उपयोगसित सम्बन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाको अनुरोधमा वा स्वयं आफ्नो विचारमा त्यस्तो सुरक्षा गर्न आवश्यक ठानेमा माई नगरपालिकाले आवश्यक प्रबन्ध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाको अनुरोधमा सुरक्षा प्रबन्ध गरिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले व्यहोर्नेछ ।

१८. जलश्रोतको गुणस्तर तोक्ने : (१) नेपाल सरकार वा प्रदेश सरकार वा माई नगरपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी जलश्रोतको विभिन्न उपयोगको सम्बन्धमा आवश्यक गुणस्तर तोक्न सक्नेछ ।

(२) जलश्रोतको उपयोग गर्दा उपदफा (१) बमोजिम तोकिएको गुणस्तर कायम हुने गरी गर्नु पर्नेछ ।

१९. जलश्रोतलाई प्रदूषित गर्न नहुने : (१) नेपाल सरकार वा प्रदेश सरकार वा माई नगरपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी जलश्रोतको प्रदूषण सहन-सीमा तोक्न सक्नेछ ।



माई नगरपालिका इलाम जिल्ला, प्रदेश नं. १ नेपाल २०७३

पुरुषोत्तम धिमिरे
प्रमुख प्रशासकीय अधिकृत

(२) उपदफा (१) बमोजिम तोकिएको जलश्रोतको प्रदूषण सहन-सीमा नाघ्ने गरी कसैले पनि कुनै किसिमको फोहोरमैला, औद्योगिक निकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलश्रोतलाई प्रदूषित गर्नु हुँदैन ।

(३) कुनै जलश्रोत प्रदूषित भए नभएको वा कुनै जलश्रोतक उपयोगको सम्बन्धमा दफा १८ को उपदफा (१) बमोजिम तोकिएको गुणस्तर भए नभएको सम्बन्धमा तोकिएको अधिकारीले आवश्यकता अनुसार परीक्षण गर्न गराउन सक्नेछ ।

२०. वातावरणमा उल्लेखनीय प्रतिकुल असर पार्न नहुने : जलश्रोतको उपयोग गर्दा भूक्षय, बाढी, पहिरो वा यस्तै अरु कारणबाट वातावरणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी गर्नु पर्नेछ ।

२१. अनुमतिपत्र खारेज गर्न सकिने : (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै काम गरेमा तोकिएको अधिकारीले अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधि भित्र अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले आवश्यक सुधार नगरेमा तोकिएको अधिकारीले त्यस्तो व्यक्ति वा संस्थाले पाएको अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि तोकिएको अधिकारीले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

२२. दण्ड सजाय : (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लंघन गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसुरबाट कसैको हानी नोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानी नोक्सानी बापतको क्षतिपूर्ति समेत भराइदिन सक्नेछ ।

(२) कसैले यस ऐन बमोजिम अनुमतिपत्र लिनु पर्नेमा नलिई वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरु पालना नगरी जलश्रोतको उपयोग गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न र त्यस्तो काम बन्द गराउन सक्नेछ ।

(३) यस ऐन बमोजिम विकास गरिएको जलश्रोत वा त्यस्तो जलश्रोतबाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरुपयोग गरेमा अधानिकार प्रयोग गरेमा तोकिएको अधिकारीले निजबाट विगो असुल गरी निजलाई विगो बमोजिम जरिवाना समेत गर्न सक्नेछ ।

(४) कसैले बदनियतसाथ कुनै खानेपानीको मुहान, बाँध, नहर वा जलश्रोतको उपयोगसित सम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा वा त्यस्तो कुनै काम कुराको लागि दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानी नोक्सानीको विगो असुल गरी निजलाई बिगो बमोजिम जरिवाना वा दश वर्षसम्म कैद वा दुबै सजाय हुन सक्नेछ ।

२३. पुरनावेदन : दफा १०, १५ वा १६ बमोजिम दिएको क्षतिपूर्तिको रकममा वा दफा २१ बमोजिम तोकिएको अधिकारीले अनुमतिपत्र खारेज गरेकोमा वा दफा २२ को उपदफा (१), (२) वा (३) बमोजिम तोकिएको अधिकारीले दिएको सजायको आदेशमा चित्त नबुझ्ने व्यक्ति वा संस्थाले पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

२४. नियम बनाउने अधिकार : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न माई नगरपालिकाले नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वमान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी माई नगरपालिकाले खासगरी देहायका विषयमा नियमहरु बनाउन सक्नेछ :-

(क) खानेपानी, सिंचाइ, जलयातायात, औद्योगिक उपयोग, आमोद प्रमोदसम्बन्धी उपयोग र जलश्रोतको यस्तै अन्य उपयोग सम्बन्धी कुराहरु,

(ख) जलश्रोत संरक्षण, बाढी नियन्त्रण तथा पहिरो रोकथाम सम्बन्धी कुराहरु,

(ग) वातावरण संरक्षणसँग सम्बन्धित कुराहरु,

(घ) जलश्रोतसँग सम्बन्धित सेवा उपयोग गरेबापत नेपाल सरकार वा प्रदेश सरकार वा माई नगरपालिकालाई बुझाउनुपर्ने शुल्क, दस्तुर इत्यादिसँस सम्बन्धित कुराहरु,

(ङ) जलश्रोतको प्रदूषण रोक्ने सम्बन्धी विषयहरु,



माई नगरपालिका इलाम जिल्ला, प्रदेश नं. १, नेपाल २०७४

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

(च) जलश्रोतका विभिन्न उपयोगका तरीकाहरु,

(छ) जलश्रोतको उपयोगबाट उत्पन्न सेवाको स्तर निर्धारण सम्बन्धी कुराहरु,

(ज) जलश्रोतको उपयोगबाट हुनसक्ने दुर्घटना र त्यसको जाँचबुझ तथा क्षतिपूर्तिसम्बन्धी विषयहरु,

(झ) उपभोक्ता संस्था र उपभोक्ता सम्बन्धी अन्य व्यवस्थाको साथै उपभोक्तालाई संरक्षण र सुविधा दिने विषयहरु,

(ञ) जलश्रोतको विकास तथा उपयोग सम्बन्धी अन्य आवश्यक कुराहरु ।

२५. खारेजी र बचाउ : (१) संघीय तथा प्रादेशिक व्यवस्थापिकाले निर्माण गरेको कानून विपरित भएका दफा सोही अनुसार खारेज वा परिमार्जन हुनेछन् ।

(२) यस कानूनलाई प्रतिस्थापन हुने गरी अर्को कानून बनेर लागू नभएसम्म यसै कानून अनुसार भए गरेको मानिनेछ ।

(३) जलश्रोत ऐन, २०४९ अनुसार दर्ता भई कार्यान्वयनमा रहेका जल उपभोक्ता संस्थाहरु यसै ऐन अनुसार दर्ता भएको मानिनेछ ।

आज्ञाले:

नाम: पुरुषोत्तम घिमिरे

प्रमुख प्रशासकीय अधिकृत

पुरुषोत्तम घिमिरे

प्रमुख प्रशासकीय अधिकृत